आज मिति २०८०/११/११ गतेका दिन वागलुङ नगरपालिकाका नगरप्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ।

## उपस्थिति

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री हरिदत्त कंडेल |

**विषेश उपस्थिति**

| | | | |
|---|---|---|---|
| | | | श्री डिल्ली [illegible] |
| | | | श्री निर्मल पन्त |
| | | | श्री तिला देवी रेग्मी शर्मा |
| | | | श्री लक्ष्मी श्रेष्ठ |
| | | | |

**प्रस्तावहरु**

१. गत बैठकको समिक्षा ।

२. बसपार्क संचालन सम्वन्धमा ।

३. सहकारी दर्ता खारेजी सम्वन्धमा ।

४. राजिनामा स्वीकृत सम्वन्धमा ।

५. तरकारी बजारको ठेक्का अन्त्य सम्वन्धमा ।

६. योजना तथा कार्यक्रम सम्वन्धमा ।

७. अनुगमन प्रतिवेदन सम्वन्धमा ।

८. भुक्तानी सम्वन्धमा ।

९. नगर विकास कोषमा किस्ता व्याज भुक्तानी सम्वन्धमा ।

१०. योजना फरफारक सम्वन्धमा ।

११. विविध सम्वन्धमा ।

**निणर्यहरु**

**निणर्य नं. १**

प्रस्तवा नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्ममा भए गरेका काम कार्यवाहिको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निणर्य नं. २**

प्रस्तवा नं. २ माथि छलफल गर्दा बागलुङ नगरपालिका वडा नं. ४ मा रहेको दावगरा बसपार्क निर्माणको कार्य सम्पन्न भएको हुँदा बसपार्क सम्मको पँहुचमार्गको कार्य सम्पन्न गरी सम्मानननीय प्रधानमन्त्रीज्यु मार्फत बसपार्क उद्घाटन गर्ने गरी आवश्यक तयारी गर्ने निर्णय गरियो ।

**निणर्य नं. ३**

प्रस्तवा नं. ३ माथि छलफल गर्दा साविक सहकारी डिभिजन कार्यालयमा दर्ता भै बागलुङ नगरपालिकाको नियामक क्षेत्र भित्र रही बार्षिक साधारण सभा, लेखा परिक्षण लगायत कुनै कारोवार संचालन नगरेका देहाय बमोजिमका निस्कृय सहकारी संस्थाहरुको दर्ता खारेजिको प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | संस्थाको नाम | ठेगाना | फोन नं. |
|---|---|---|---|
| १. | नयाँ नेपाल बचत तथा ऋण सहकारी लि. | बा.न.पा. ३ | |
| २. | बागलुङ उर्जा सहकारी संस्था लि. | बा.न.पा. २ | |
| ३. | नव धौलागिरी बचत तथा ऋण सहकारी संस्था लि. | बा.न.पा. २ | |
| ४ | समृद्ध व्यवसायिक कृषि सहकारी लि. | बा.न.पा. २ | |

| | | | |
|---|---|---|---|
| ५. | नेपाल कृषि सहकारी संस्था लि | बा.न.पा. २ | |
| ६. | हातेमालो कृषि पशपालन सहकारी संस्था लि | बा.न.पा. ३ | |
| ७. | हाम्रो उर्जा सामुदायिक सहकारी संस्था | बा.न.पा. ३ | ९८४७६५५८४८ |
| ८. | धौलागिरी व्यवसायिक कृषि तथा पशुपालन सहकारी | बा.न.पा. २ | |
| ९. | त्रिनेत्र बहुउद्देश्यीय सहकारी संस्था लि. | बा.न.पा. २ | ९८५७६२२९९९ |
| १०. | सहमति बहुउद्देश्यीय संस्था लि. | बा.न.पा. २ | |
| ११. | प्रभात प्रकाशन सहकारी संस्था लि. | बा.न.पा. ३ | |
| १२. | सूर्य महिला सुचना तथा संचार सहकारी संस्था | बा.न.पा. १ | |
| १३. | सहयात्रा बचत तथा ऋण सहकारी संस्था | बा.न.पा. २ | |
| १४. | आमामिलन बचत तथा ऋण सहकारी संस्था | बा.न.पा. ३ | |
| १५. | श्री गौरी पशुपालन तथा दुग्ध उत्पादन सहकारी संस्था लि. | बा.न.पा. ७ | ९८४७६२१६४२ |
| १६. | कमनवेल्थ बहुउद्देश्य संघ संस्था | बा.न.पा. २ | ०६८५२२४५० |
| १७. | इन्द्रेणी बहुउद्देश्यीय सहकारी संस्था लि. | बा.न.पा. ७ | |
| १८. | समझदारी सहकारी संस्था | बा.न.पा. ७ | |
| १९. | संसारकोट सहकारी संस्था लि | बा.न.पा. ७ | |
| २०. | मनकामना तरकारी उत्पादन संस्था लि. | बा.न.पा. ९ | ९८४७७०७५३० |
| २१. | न्यु प्रगती उपभोक्ता सहकारी संस्था लि. | बा.न.पा. ९ | |
| २२. | रायडाँडा महिला विकास सहकारी संस्था लि. | बा.न.पा. ११ | |
| २३. | अमलाचौर महिला बचत तथा ऋण सहकारी संघ संस्था लि. | बा.न.पा. १२ | |
| २४. | भैरव बहुउद्देश्यीय सहकारी संस्था लि. | बा.न.पा. १२ | ९८५७६२७५०० |
| २५. | बलेवा पैयुपाटा बहुउद्देश्यीय दुग्ध संस्था लि. | बा.न.पा. १३ | |
| २६. | मुसुरा वारी बचत तथा ऋण संस्था लि. | बा.न.पा. १३ | |
| २७. | भिजन बचत तथा ऋण सहकारी संस्था लि. | बा.न.पा. १३ | |
| २८. | कोट भैरव महिला बाख्रापालन सहकारी संस्था लि. | बा.न.पा. ४ | |
| २९. | बलेवा बहुउद्देश्यीय सहकारी | बा.न.पा. १४ | |
| ३०. | सामुदायिक बहुउद्देश्यीय सहकारी संस्था लि. | बा.न.पा. १४ | |
| ३१ | विद्युत कुटानी पिसानी | बा.न.पा. १४ | |
| ३२. | ठुलाखोर सामुदायिक राइस मिल संघ संस्था लि. | बा.न.पा. १४ | |

**निणर्य नं. ४**

प्रस्तवा नं. ४ माथि छलफल गर्दा बागलुङ नगर कार्यपालिकाको कार्यालय अन्तर्गत स्वास्थ्य सेवा तर्फ कार्यरत सि.अनमी अधिकृत श्री डिल कुमारी थापाले सेवामा रहिरहन नसक्ने कारण देखाई राजिनामा स्वीकृतको लागि यस कार्यालयमा निवेदन दिनु भएको हुँदा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ को दफा २ (क) बमोजिमको व्यवस्थालाई आधार मानी स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली २०८० नियम १४१ (३) बमोजिम निजले पेश गरेको राजिनामा स्वीकृत गर्ने निर्णय गरियो ।

**निणर्य नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा तरकारी बजार व्यवस्थापनका लागि विद्युतीय माध्यमबाट बोलपत्र आव्हान गरिएकोमा शंकर निर्माण सेवा, वेनी, म्याग्दीको बोलपत्र स्वीकृत भई बागलुङ नगरपालिका र जग्गाधनी शर्मिला प्रधानाङ्ग वीच भएको जग्गा संझौता बमोजिम उक्त निर्माण सेवाले कार्य अगाडि बढाईएकोमा जग्गाको सीमानामा विवाद उत्पन्न भई सहमति हुन नसकेको कारण स्वीकृत ठेक्का बमोजिम तरकारी बजार

व्यवस्थापनको कार्य अगाडि बढाउन सकिने अवस्था नदेखिएकोले उक्त कार्य लागि बोलपत्रदाताले खर्च गरेको रकम रु. २३,९९९।- तेईस हजार नौ सय उनान्सय रुपैयाँ मात्र भुक्तानी दिई ठेक्का अन्त्य गर्ने निर्णय गरियो ।

**निणर्य नं. ६**

प्रस्तवा नं. ६ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रका देहाय बमोजिमका योजना तथा कार्यक्रमहरुमा देहाय बमोजिमको शिर्षकबाट रकम विनियोजन गरी योजना तथा कार्यक्रम संचालनको प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

| सि.नं. | आयोजनाको नाम | विनियोजन रकम | शिर्षक |
|---|---|---|---|
| १ | सिगाना मावि लामिचौर सि.सि.क्यामेरा जडान, फर्निचर तथा कक्षा कोठा व्यवस्थापन, बा.न.पा. ८ | ९,००,०००। | आकश्मीक |
| २ | धौलागिरी आँखा अस्पताल, उपकरण व्यवस्थापन | १५,००,०००। | आकश्मीक |

**निर्णय नं. ७**

प्रस्तवा नं. ७ माथि छलफल गर्दा बागलुङ नगरपालिका योजना अनुगमन समितिले विभिन्न योजनाको अनुगमन गरी पेश गरेको अनुगमन प्रतिवेदन माथि छलफल सम्पन्न भयो । उक्त प्रतिवेदनमा उल्लेख भएका सुझावहरु कार्यान्वयनको लागि सम्वन्धित पक्षलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्तवा नं. ८ माथि छलफल गर्दा यस कार्यालयमा विभिन्न संघ संस्थाले देहाय बमोजिमका कामकाजको लागि रकम भुक्तानी पाँउ भनि पेश गरेको निवेदन सम्वन्धमा आवश्यक छलफल गरी तपशिल बमोजिमका संघ संस्थालाई तपशिल बमोजिमको कामकाज सम्पन्न बमोजिमका विल भरपाईको आधारमा देहाय बमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

**तपशिल**

**(क) आर्थिक सहायता**

| सि.नं. | संघसंस्थाको नाम | भुक्तानी दिने रकम |
|---|---|---|
| १ | अन्तरनगर महिला कवड्डी प्रतियोगितामा सहभागिता | ३५,०००। |
| २ | सहारा क्लब (तेश्रो जैमिनि महोत्सव) | २५,०००। |
| ३. | रमेश क्षेत्री , बा.न.पा. ३ बोक्से | २०,०००। |
| ४ | अतिथि सत्कार वापतको खर्च भुक्तानी (विभिन्न होटल) | ३,२७,६१६। |
| ५ | गणेश के.सी. बा.न.पा. ७, चट्याङको कारण घर र पशुमा क्षती | २५,०००। |
| ६ | प्रेस चौतारी नेपाल, फुटवल प्रतियोगिता | ५०,०००। |
| ७ | नेपाल ट्रेड युनियन काँग्रेस (सामाजिक सुरक्षा योजना कार्यविधि छलफल) | ४०,०००। |
| ८ | गुठी युवा क्लव भाँडाकुँडा किन्ने | ५०,०००। |

| | | |
|---|---|---|
| ९ | सामुदायिक सेवा केन्द्र बानपा ३ (फर्निचर व्यवस्थापन) | १५०,०००। |
| १० | हर्क बहादुर थापा, बा.न.पा. १० आगलागी | २५,०००। |

(ख) बा.न.पा. ९ निवासी मन बहादुर खत्रीले वडा नं. ९ र १० जोड्ने आरसिसि पुल निर्माणको क्रममा सुपरभाईजरको भुमिका निर्वाह गरे वापत भुक्तानीको लागि निवेदन पेश गरेको हुँदा निजलाई कन्टेन्जेन्सीबाट नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा नगर विकास कोष काठमान्डौबाट भाखा नाघेको साँवा, व्याज, किस्ता भुक्तानीको लागि यस कार्यालयमा पत्राचार गरेको हुँदा हाललाई साँवा रु ६०००००। र व्याज रु २४००००। गरी जम्मा रु ८४००००। भुत्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा चालु आ.व.को स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गत योजना सम्पन्न गरी आवश्यक कागजपत्र सहित प्रकृया पुरा गरी फरफारकका लागि यस कार्यालयमा पेश भएका योजना तथा कार्यक्रमहरुलाई फरफारक गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा नारायणस्थान एकीकृत बस्ती बिकासको लागि विस्तृत आयोजना प्रतिवेदन तयार गर्न रु १७,९९,४९६।७५ लागत अनुमान तयार भएको तर विनियोजित बजेट रु ११,००,०००। मात्र भएको हुँदा अपुग बाँकी रकम रु ६,९९,४९६।७५ आकश्मीक योजना कार्यक्रमबाट खर्च व्यहोर्ने गरी बजेटको व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस कार्यालयको कार्यादेश बमोजिम बागलुङ नगरपालिका स्थित कालिगण्डकी नदिको विभिन्न स्थानहरुबाट दिगो र वातावरणमैत्री रुपले ढुङ्गा, गिटी तथा वालुवा (नदिजन्य पदार्थ) उत्खनन् तथा संकलन कार्यका लागि स्मार्ट ड्रिलिङ एण्ड टेस्टिङ प्रा.लि., काठमान्डौद्धारा पेश गरेको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) स्वीकृत गर्ने निर्णय गरियो ।